


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

कोरोनाकालको चाडबाडः
सकेसम्म नगरौ भेटघाट,
भाइरसबाट जोगिएर मनाऔंला
अर्को साल।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २४ गते आइतबार ❑ 10 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## निर्वाचनसम्म पाँच दलीय गठबन्धनः मन्त्री खतिवडा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

स्वास्थ्य तथा तथा जनसङ्ख्यमन्त्री विरोध खतिवडाले अहिलेको पाँच दलको गठबन्धनलाई निर्वाचनसम्म कायम राखिने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी( एकीकृत समाजवादी) कास्कीले विजयादशमी, दीपावलीलगायत चाडपर्वका अवसरमा शनिबार पोखराको सभागृहमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले संविधानको रक्षा गर्ने शर्तमा अहिलेको सत्तापक्षको गठबन्धन आगामी निर्वाचनसम्म रहने बताउनुभएको हो । एकीकृत समाजवादीका उपमहासचिवसमेत रहनुभएका नेता खतिवडाले नेकपा (एमाले) र सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीमा राजनीतिक विचलन आएको र व्यक्तिवादी प्रवृत्ति हावी भएकाले आफूहरूले विद्रोह गरी कम्युनिष्ट



आन्दोलनलाई बचाउन नयाँ पार्टी बनाएको जिकिर गर्नुभयो । वर्तमान सरकारलाई परमादेशको सरकार भन्नुको कुनै अर्थ नरहेको भन्दै उहाँले निर्वतमान प्रधानमन्त्री केपी ओली जसरी सांसदको हस्ताक्षरबाट प्रधानमन्त्री नियुक्त हुनुभयो, अहिलेका प्रधानमन्त्री पनि सोहीअनुसार नियुक्त हुनुभएको स्पष्ट गर्नुभयो । मन्त्री खतिवडाले भन्नुभयो, "अहिलेको सरकार परमादेशको सरकार होइन, संविधानबमोजिम राष्ट्रपतिकामा बहुमत सांसद गएका हौं । केपी ओली बन्दा जसरी सांसदको दस्तखत गरेर सरकार बनेको हो, अहिले पनि त्यही सांसदका दस्तखतबाट सरकार निर्माण भएको छ।"

स्वास्थ्यमन्त्री खतिवडाले गण्डकी प्रदेशमा सङ्घीय सरकार मातहतमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल मात्र रहेकाले सो अस्पतालको सेवा थप प्रभावकारी बनाउनका लागि सबैसँग छलफल गरेर सुझावका आधारमा आफूले काम गर्ने बताउनुभयो ।

पार्टीका गण्डकी प्रदेश इञ्चार्ज केशवलाल श्रेष्ठले पार्टीको पछिल्लो बैठकले लिएका नीति,कार्यक्रम तथा कार्ययोजनालाई तल्लो तहसम्म लैजान कार्यकर्तालाई आग्रह गर्नुभयो । जिल्ला अध्यक्ष धनराज आचार्यले जिल्लाका ७२ वटै वडामा पार्टी कमिटी निर्माणको काम अघि बढिरहेको जानकारी दिनुभयो । शुभकामना आदानप्रदान कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्का, स्वास्थ्यमन्त्री मधु अधिकारी, एकीकृत समाजवादीका पोलिटब्युरो तथा केन्द्रीय सदस्य, अन्य राजनीतिक दलका जिल्लास्थित नेता, उद्योगी व्यवसायी लगायतको सहभागिता थियो।

## प्रदेशलाई अधिकार दिन सवालमा संघ अनुदार : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ असोज**

संघीयता कार्यान्वयनमा आएपछि नागरिकले सरकारलाई नजिकबाट अनुभूति गर्न पाएका छन् । सिंहदरबार धाउनु परेको छैन। तर कतिपय अवस्थामा एक तहको सरकारका अधिकारमाथि अर्को तहले हस्तक्षेप गरिरहेका छन् । वन क्षेत्रमा यस्तै समस्या छ। वन ३ तहकै सरकारको साझा अधिकारको सूचीमा छ। ३ तहका सरकारबीच समन्वय हुनुपर्नेमा त्यसो हुन सकेको छैन।

संघले २०७६ मा वन ऐन ल्यायो । जुन संघीयताको मर्मविपरीत छ । प्रदेशमा समायोजन भएका डिभिजन वन अधिकृतहरुलाई उक्त ऐनले संघ मातहतका भनी परिभाषित गरिदियो । यसले थप अन्योल त बनाएकै छ । अर्धन्यायिक काम गर्नुपर्ने डिभिजन वन अधिकृतहरुलाई मुद्दा अभियोजन र तहकिकात अनि कारवाहीका लागि अधिकार दिइएको छैन । कि त प्रदेशमा रहेका ती अधिकृतहरुलाई पूर्णरुपमा संघमै लैजानु पर्‍यो । हैन भने विषेश निर्णय गरेरै भए पनि अभियोजन र कारवाहीको अधिकार उनीहरुलाई दिनुपर्‍यो भन्ने आवाज आइरहेकै छ।

वन व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि आवश्यक नीति निर्माणका लागि गण्डकी प्रदेश सभा अर्थ तथा विकास समितिले तनहुँको बन्दीपुरमा क्लोज क्याम्प नै गरेको छ । शुक्रबार सुरु भएको २ दिने कार्यक्रमको उद्घाटन सत्रमा गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले यिनै विषय उठान गरे । उनले भने, 'प्रदेशलाई अधिकार हस्तान्तरण गर्ने सवालमा संघ उदार हुन सकेको छैन, यो गम्भीर विषय हो।'

नेपालको सामुदायिक वन



विश्वमा नमुना भनिए पनि अहिले आएर व्यवस्थापनमा समस्या देखिएको भन्दै यसका लागि स्थानीय तहसँग समन्वय जरुरी रहेको मुख्यमन्त्री पोखरेलले बताए। वनको अधिकतम सदुपयोग हुनुपर्नेमा नेपालमा अहिले वन विकासको वाधक बनेको भन्दै यस्ता समस्या समाधानका लागि सबै पक्ष जागरुक हुनुपर्ने भनाइ राखे। उनले भने, 'एउटा रुख काट्नु परे, संघ सरकारको निर्णय कुरेर बस्नु परेका छ, पुराना कानुनहरु अब फेर्नु पर्छ।'

वन वातावरण तथा भूसंरक्षण मन्त्री दीपक थापाले प्रदेशले पाएको वनको अधिकार क्षेत्रमाथि हस्तक्षेप भइरहेको आरोप लगाए। अहिले वन संरक्षण भन्दा पनि अतिक्रमण ठूलो चुनौती बनेको भनाइ राखे। हिमाल, पहाड र तराईका लागि एकै खाले कानुन उपयुक्त नभएको भन्दै ठाउँ र परिस्थिति अनुसारको व्यवस्था हुनुपर्ने मन्त्री थापाको भनाइ थियो । कार्यक्रममा अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले नेपालमा वन जोगाउन तर त्यसको उपयोग गर्न नसक्ने र नपाउने अवस्था रहेको बताए। उनले भने, 'वनलाई कसरी समृद्धिसँग जोड्न सकिन्छ भन्ने सवाल महत्वपूर्ण हो, यसमा हामी गम्भीर हुन जरुरी छ।' वनजंगल बढेसँगै वन्यजन्तु - मानव द्वन्द्व बढेको छ, जंगल आँगनसम्मै आइपुगेको छ।' मुलुकभित्रको जंगलका काठ कुहिरहेको अवस्थामा मलेसियाबाट काठ र चीनबाट फर्निचर सामान ल्याउनुपर्ने वाध्यता अब अन्त्य हुनुपर्ने उनले बताए । व्यवस्था, संविधान परिवर्तन गर्न सकिने भन्दै वाधकका रुपमा देखा परेको वन ऐन पनि परिमार्जन गर्न सकिने उनको भनाइ थियो । पूर्वमन्त्री हरिबहादुर चुमानले पहिला नीति बनाएर त्यसैका आधारमा प्रदेशले ऐन बनाउनुपर्ने भन्दै यसका लागि घनिभूत छलफल गर्नुपर्ने भनाइ राखे। प्रदेशले कानुन बनाउन पाउने र अभियोजन र तहकिकात गर्न नपाउने अवस्था आउनु अचम्मको विषय रहेको उनले बताए। वनको अधिकारका बारेमा प्रदेशले संघसँग ठूलो संघर्ष गर्दै आएको चुमानको भनाइ थियो।

कार्यक्रममा सांसद डोबाटे विश्वकर्मा, जनकलाल श्रेष्ठ, विनोद केसी, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, बन्दीपुर गाउँपालिका अध्यक्ष पूर्णबहादुर थापा, तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले वनमा देखिएका समस्याका बारेमा भनाइ राखेका थिए। तनहुँका डिभिजन वन अधिकृत कोमलराज काफ्ले उक्त अवसरमा वन संरक्षण, व्यवस्थापन लगायत क्षेत्रमा देखिएका चुनौती र समाधानका उपायका बारेमा प्रस्तुति गरेका थिए । कार्यक्रममा डोबाटे विश्वकर्मा, विनोद केसीअर्थ तथा विकास समितिका सदस्यहरु मन्त्रालयका अधिकारीहरु, वन निर्देशनालयका निर्देशक, डिभिजन वन अधिकृतहरु, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि सहभागी छन्।

## सबै नागरिकले मेरो सरकार भन्ने प्रत्याभूत गराउँछौँ : सहरी विकासमन्त्री झाँक्री

**पोखरापत्र संवाददाता**
**दमौली, २३ असोज**

सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले वर्तमान सरकारलाई सबै नागरिकको सरकार हो भन्ने प्रत्याभूत गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेकपा (एकीकृत समाजवादी) तनहुँले दसैंका अवसरमा शनिबार दमौलीमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री झाँक्रीले



सरकार सबै नागरिकको भएको बताउनुभयो । मन्त्री झाँक्रीले पार्टीले आफूहरूलाई दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने बताउनुभयो । भ्रष्टाचार, कुशासन, गैरजिम्मेवारीपनको प्रवृत्तिका विरुद्धमा विगतदेखि नै लड्दै आएको र आगामी दिनमा पनि सोहीविरुद्ध लड्ने मन्त्री झाँक्रीले उद्घोष गर्नुभयो । मन्त्री झाँक्रीले समय धेरै नभएकाले जनअपेक्षाअनुसार काम गर्ने बताउँदै भन्नुभयो, 'हामीसँग समय छैन भनेर बस्ने छुट छैन, समय छोटो छ तर केही न केही गरेरै छाड्छौँ।'

मन्त्री झाँक्रीले न्यायोचित विकासको पक्षमा रहेर काम गर्ने बताउँदै भन्नुभयो,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## जनताका माग सम्बोधन गर्ने विषयमा जनप्रतिनिधिले विभेद गर्न हुदैनः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पर्वत, २३ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले राजनीतिक आस्थाका कारणले गर्दा जनताका मागलाई जनप्रतिनिधिहरुले विभेद गर्न नहुने बताउनु भएको छ।

पर्वतको जलजला गाउँपालिका ८ खनियाघाट स्थित नाग्लीबाङ्ग बहुउद्धेश्य सहकारी संस्था लिमिटेडको शनिबार खनियाघाटमा सम्पन्न १३ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

राजनीतिक आस्थाकै कारण जनताका आधारभूत आवश्यकतालाई कुनै पार्टीका जनप्रतिनिधिहरुले पनि विभेद गर्न नहुने केही न केही सम्बोधन गर्नुपर्ने मन्त्री बरालको भनाई थियो । जनप्रतिनिधिहरु जनता प्रति जवाफदेही र उत्तरदाहित्व बहन गर्न सक्नुपर्ने उहाँको भनाई थियो। नाग्लीबाङ्ग, खनियाघाट लगायतका क्षेत्रमा कम्यूनिष्टको बाहुल्याता



भएको कारण राजनीतिक प्रतिसोचका कारण विकास निर्माणमा आफुहरुलाई पछि पारीएको स्थानियले गुनासो गरे पछि मन्त्री बरालले जनताको आधारभूत आवश्यकता पुरा गर्ने बिषयमा जनप्रतिनिधिले पहिलो प्रथामिकता दिनुपर्नेमा जोड दिनु भयो।

सहकारीले पैसा खरिद बिक्रि मात्र नगरी उद्यमशील र उत्पादनशिल क्षेत्रमा, जनताको जीवन स्तर उकास्ने गरी पुंजि परिचालन गर्नु पर्ने मन्त्री बरालको भनाई थियो । द्वन्दकालमा जलजला क्षेत्रका स्थानियले आफु र आफ्नो पार्टी प्रति पुराएको योगदानको खुलेर प्रशंम्सा गर्दै माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले उक्त क्षेत्रको आधार भूत विकास निर्माण गर्ने बिषयमा आफ्नो पालामा केही न केही काम गरी छाड्ने वचन दिनु भयो।

नाग्लीबाङ्ग सहकारी संस्थाले जनताको जीवन स्तर उकास्ने गरी विभिन्न कृषि सहित उत्पादन क्षेत्रमा लगानी गरेकोमा धन्यवाद दिदै आगामी दिनमा यस्तै अभियानलाई निरन्तरता दिन मन्त्री बरालले आग्रह गर्नु भयो।

जलजला गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल (रामकृष्ण) ले पर्वतको उत्तरी भेग विकास निर्माणका हिसवाले पछि परेको बताउनु भयो । आफ्नो गाउँपालिकामा ४५ वटा सहकारी रहेको उल्लेख गरेका उनले यस बर्ष कालिगण्डकी सहितका खोला नालाबाट करिब ४ करोड राजश्व संकलन गर्ने लक्ष्य राखिएको बताउनु भयो । उक्त सहकारीमा हाल ३ सय ६० जना शेयर सदस्य रहेका छन भने सहकारीको शेयर पूंजि १ करोड ३० लाख ३१ हजार ४ सय रहेको लेखा समिति संयोजक अनिता कुमारी रेग्मीले बताउनु भयो। उनका अनुसार संस्थाको गत एक बर्षमा ७ लाख ६४ हजार ५ सय शेयर पुंजि थपिएको छ भने संस्थामा हाल जम्मा ३ करोड ३१ लाख ४९ जहार बचत भएको छ। संस्थाले एक बर्षमा १ करोड ६२ लाख ९८ हजार ८ सय ८० रुपया बचत गर्न सफल भएको थियो। संस्थाले करिब ५१ लाख कृषि परियोजनामा कर्जा लगानी गरेको छ । संस्थाका अध्यक्ष महेन्द्र रेग्मीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सल्लाहकार रुद्र बहादुर महत, सोम जि.सी.लगायतले वोल्नु भएको थियो । संस्थाले विभिन्न व्यक्तिहरुलाई सम्मान समेत गरेको सचिव तारा महतले बताउनु भयो।



# सराङ्गकोट सहकारीद्वारा स्वागत तथा शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज

सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाका निर्वाचित सञ्चालक समिति लेखा समिति तथा विभिन्न उपसमितिलाई स्वागत तथा विजयादशमी २०७८ को शुभकामना कार्यक्रम सम्पन्न गरिएको छ।

संस्थाको १६ औँ वार्षिक साधारण सभा एवं छैटौँ अधिवेशनबाट कृष्ण बहादुर थापाको अध्यक्षतामा वसन्त बहादुर बानिया उपाध्यक्ष, कुल प्रसाद सुवेदी सचिव, राममणि पौडेल कोषाध्यक्ष, माया शर्मा सहसचिव, सदस्यहरु क्रमश रमेशकुमार थापा, शम्सेर बहादुर थापा, बुद्ध गुभाजु, विकल पौडेल, आरती श्रेष्ठ, तारा थापा, लेखा संयोजकमा शिव बहादुर बानिया, मनहरी भण्डारी, रहेको समिति चयन गरेको थियो।

सञ्चालक समितिबाट ऋण संयोजकमा रमेश कुमार थापा, महिला समिति संयोजक माया शर्मा, शिक्षामा जयराम पौडेल, बहुउद्देश्यीय कार्ययोजना संयोजक अर्जुन बहादुर बस्नेत, कृषि योजना संयोजकमा वसन्त बहादुर बानिया चयन भएका छन् । नवनिर्वाचित समितिलाई सहकारी मन्त्रालयका पूर्व रजिष्टार, नेपाल सरकारका सह सचिव बद्रीनाथ अधिकारी, सल्लाहकार कमलनयन गौतम, पूर्व अध्यक्ष प्रेमबहादुर जि.सि. लगायतले कार्यकालको सफलताको कामना गर्दै शुभकामना एवं बधाई दिनुभएको थियो । संस्थाका



अध्यक्ष कृष्णबहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा निर्वाचन समितिका संयोजक चिन्तामणि बाँस्तोला, संगममार्ग टोल विकास संस्थाका अध्यक्ष ढाकाराम लामिछाने, पोखरा महानगर वाड नं. ९ का अध्यक्ष रामराज लामिछाने, सहकारीका व्यवस्थापक सुरेन्द्र थापा, रेडियो सराङ्गकोटका व्यवस्थापक योगेन्द्र श्रेष्ठ, रेडियोका कार्यक्रम सञ्चालक यूवराज भण्डारी लगायतले आ आफ्नो धारणा राख्नुभएको थियो।

वि.सं २०६३ मा स्थापित सहकारीले रेडियो सराङ्गकोटको सञ्चालन, बचत तथा ऋण मार्फत ४४ करोड लगानी, ५२ करोड बचत, संकलनसँगै न्यूरोडबाट आफ्नै सुविधा सम्पन्न भवनबाट कार्य सञ्चालन गर्दै आएको छ।

# उन्नति बचत सहकारीको १३ औँ वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज

पोखरा महानगरपालिका-९ नयाँबजारमा अवस्थित उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३ औँ वार्षिकक साधारणसभा शनिबार सम्पन्न भएको छ।

साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष राजेश रानाभाटले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष प्रमोद थापाद्धारा प्रस्तुत प्रगति प्रतिवेदन छलफल गरी पारित गरेको हो । साधारणसभामा अध्यक्ष रानाभाटले कोभिड-१९ को महामारीमा समेत संस्थाले उल्लेख्य प्रगति हासिल गरेको र राम्रोसँग अघि बढेको बताउनुभयो। शेयर पूँजी रकम र साधारण जगेडा रकम अघिल्लो वर्षको तुलनामा वृद्धि भएको अध्यक्ष रानाभाटले जानकारी दिनुभयो।

गत वर्ष कोरोनाका कारण भौतिक उपस्थितिमा सभा गर्न असमर्थ रहेको बताउँदै उहाँले यस वर्ष भौतिक रुपमै कार्यक्रम गरेर शेयर सदस्यका सुझावहरु ग्रहण गरिएको बताउनुभयो । सहकारीले नयाँबजारमा यसै आर्थिक वर्षमा जग्गा खरिद गरेकाले उक्त जग्गामा संस्थाको सुविधासम्पन्न भवन निर्माण गरी संस्थाको मुख्य कार्यालयलाई स्थानान्तरण गरिने अध्यक्ष रानाभाटले जानकारी दिनुभयो । साधारणसभामा पूर्व अध्यक्ष देवराज पौडेलले संस्थाको वृहत्तर हितका लागि सञ्चालक समिति सहित शेयर सदस्यहरुले समेत योगदान गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा एसइई र कक्षा १२ उत्तीर्ण शेयर सदस्यका छोराछोरीहरु प्रिजन श्रेष्ठ,दिवस भण्डारी, मोनिका कार्की,सिर्जना लम्साल,सदीक्षा बराल,साहिल श्रेष्ठ, सिद्धार्थ बगाले, विधान श्रेष्ठ, आयुष्मा रिजाल, दर्शत तिवारी, विशाल लम्साल, षडानाथ ताम्राकार, सुजल आचार्य, सुयोग थापा, संस्कृति थापा, आयुश थापा, साकार भट्टराई, दीपेश थापा र विशेषजंग कुँबरलाई प्रशंसापत्रबाट सम्मान गरिएको थियो । यसैगरी उत्कृष्ट कारोबार गर्ने शेयर सदस्यहरु रमेश सापकोटा, विदुर त्रिपाठी, नारायण प्रसाद शर्मा, हरिप्रसाद गौतम, विनोज पोटे, ज्ञानेश्वरलाल श्रेष्ठ, अनिता रानाभाट, दयालक्ष्मी बतास, चन्द्र कुँबर, जानकारी पाण्डे, शोभा शर्मा र सविना मर्हजन समेत सम्मानित हुनुभयो । साधारणसभाको अवसरमा संस्थाको उत्कृष्ट कर्मचारी सम्मानबाट सन्दीप बराल सम्मानित हुनुभएको संस्थाका प्रवन्ध निर्देशक भगवान भट्टराईले जानकारी दिनुभयो । सञ्चालक समितिका अध्यक्ष राजेश रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव रेवतिरमण भण्डारी र स्वागत तथा सहकारी सिद्धान्त बाचन उपाध्यक्ष लेखनाथ अर्यालले गर्नुभएको थियो।

# हराउँदै पिङ संस्कृति

–ध्रुवसागर शर्मा
म्याग्दी, २३ असोज

'दसैँमा एकछिन भए पनि धर्तीमा टेक्नु हुँदैन' भन्ने परम्परागत कथन छ। यस कथनमा कतिको वैज्ञानिक कारण छ त्यो त अलग्गै विषय हुनसक्छ। यही कथनलाई चरितार्थ गर्दै दसैँका बेला गाउँ शहर जताततै हालिने लिङ्गे पिङ पछिल्ला केही वर्षयता हराउँदै जान थालेका छन्।

हिन्दूको महान् चाड दसैँतिहारमा लिङ्गे पिङ हाल्ने र खेल्ने हाम्रो मौलिक संस्कृति विगत केही वर्षदेखि हराउँदै गएको छ। म्याग्दीका गाउँदेखि ठूला शहरबजारमा दसैँ आउनु केही समयअघिदेखि लिङ्गे पिङ हालेर खेलिने मौलिक परम्परा पछिल्लो पुस्तामा कम चासो भएसँगै हराउन थालेको हो। कोरोना भाइरस सङ्क्रमण जोखिमका कारण दसैँका बेला हालिँदै आएको पिङ हालिएको छैन । विगतमा दसैँ आउनुअघि नै कोही डोरी त कोही बाँस तथा काठको जोहो गर्न थाल्थे । अनि जिल्लाका विभिन्न स्थानमा दर्जनौँ दर्जन लिङ्गे पिङ हालेर बालबालिकादेखि युवाको भीड हुने गर्थ्यो। विस्तारै समाजका युवाले आधुनिक कलासंस्कृतिलाई अँगाल्न लागेपछि मौलिक संस्कृतिका अङ्ग पिङप्रति बेवास्ता बढेको पाइन्छ। केही वर्षअघिसम्म दसैँ, तिहारजस्ता चाडपर्वमा गाउँ शहर जताततै लिङ्गे पिङ हालिन्थ्यो, आआफ्ना साथीभाइ, दौतरीसँग भेला भएर चचहुइई गर्दै पिङमा मच्चिएर रमाइलो गरिन्थ्यो तर पछिल्लो समय गाउँगाउँमा खेलिने लिङ्गे पिङको चलन बिस्तारै हराउँदै गएको म्याग्दीका ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिकले बताएका छन् । दसैँका बेला गाउँका चौतारी, दोबाटो र डाँडामा जम्मा भएर सामूहिक लिङ्गे पिङ खेल्ने र रमाइलो गर्ने परम्परा बिस्तारै हराउँदै गएको बेनी नगरपालिका-२ खबराका राजाराम शर्मा (सापकोटाले) बताउनुभयो।

"हामी तन्नेरी हुँदा खरबारीमा गई बाबियो काटेर ल्याइन्थ्यो, अलि पाको मान्छेलाई बाबियाको डोरी बाट्न लगाइन्थ्यो, बाँस वा जङ्गलबाट काठ ल्याएर खावा हालिन्थ्यो र मज्जाले पिङ खेलिन्थ्यो", उहाँले भन्नुभयो, "अहिले त पिङ होइन, मोबाइलमा पब्जी र केके खेल्छन्, पिङ हाल्ने जाँगर कहाँ पाउनु अहिलेको पुस्तामा ।" अहिलेका युवापुस्ता आफ्ना परम्परागत मान्यता, सीप र प्रविधितर्फ उदासिन बन्दै गएकाले चाडपर्वको मौलिकता पनि हराउँदै गएका बगरफाँटका ९२ वर्षीय खड्गबहादुर थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "विशेषगरी युवा पुस्ताले लिङ्गे पिङ निर्माण गरेर खेल्ने र रमाइलो गर्ने चलन थियो, अहिलेको पुस्ताले यस्ता कुरामा खासै चासो दिँदैनन्।" "आधुनिकताको विकासक्रमसँगै विभिन्न मेला महोत्सवमा राखिने आधुनिक प्रविधिको पिङ खेल्न पाइने भएपछि परम्परागत पिङप्रति चासो तथा चाहना मानिसमा हराउन थालेको छ", उहाँले भन्नुभयो, "दसैँका बेला यहाँ केही वर्षसम्म लिङ्गे पिङ गाउँगाउँमा राखिन्थ्यो, खेलिन्थ्यो । त्यति मात्रै नभई प्रायःजसोका घरघरमा समेत बाबियोको डोरी बनाएर पिङ हालेर खेल्दै आयौँ तर अहिले घरघरमा त के, गाउँमै पिङ लोप हुन थालेको छ।" गाउँघरका युवादेखि बुढापाका मिलेर खरबारीमा गई बाबियो काटेर रातमा पिङको लुठो बाटेर दिनमा बाँसको चारवटा लिङ्गा गाडेर अथवा पीपल आदि ठूलो रुखको हागाँमा पिङ बनाउने गरिन्थ्यो । दसैँको सुरुआतदेखि हालेको पिङ तिहारसम्मै राखिन्थ्यो तर गाउँ घरका युवा रोजगारीका लागि विदेशिन थालेपछि दसैँमा रौनक थप्ने लिङ्गे पिङ खेल्ने संस्कृति हराउँदै गएको स्थानीयवासीको भनाइ छ।

आवश्यक सामग्री र बनाउने मान्छेको कमी छ। दक्ष जनशक्तिको अभावका कारण पनि पिङ संस्कृति हराउँदै गएको बताइएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाको गाउँमा पनि पिङको कुनै रौनक छैन । उनीहरू भेला भएर भलिबल, व्याडमिन्टन, फुटबल र मोबाइलमा नानाथरिका खेल खेलिरहेका हुन्छन्। साथीभाइ भेला हुने, पार्टी खाने र रमाइलो गर्ने नाममा बजार र गाउँमा होटेल तथा रेष्टुरेन्टमा युवाको जमात देखिन्छ। तर पिङ हालेर खेल्ने र परम्परागत प्रविधि तथा चलनहरूको संरक्षण गर्ने कार्यमा भने उनीहरू लाग्न नरुचाउने गरेका बेनीका ओमलाल घिमिरेले बताउनुभयो।

पिङ बनाउनका लागि बाबियो काटेर ल्याउने, लुठो बाट्न र चार वटा बाँस गाड्न कम्तीमा आठ/१० जना मानिस आवश्यक पर्छ । गाउँमा युवापुस्ताको उदासिनता र आधुनिकताको नाममा आयातित विभिन्न प्रविधिको बढ्दो मोहका कारण महान चाड दसैँ र तिहारमा निर्माण गरेर खेल्ने लिङ्गे पिङको प्रचलन बिस्तारै हराउँदै गएको जानकारहरू बताउँछन्।


**जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ।**
**सबै जना बिलिन हुने माटो एउटै रहेछ ॥**

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००४/०५/१२ गते**

**स्वः Capt QGO सुर्ज बहादुर गुरुङ**

**स्वर्गारोहणः**
**वि.स. २०७८/आश्विन/१२ गते**

कास्की जिल्ला साविकको सैमाराङ गा.वि.स. वडा नं. २ तथा मादी गाउँ पालिका वडा नं. ११ वार्चोक पुर्ख्यौली घर भएर हाल पो.म.न.पा वडा नं. १२ उपकार मार्ग निवासी हाम्रा प्रातः स्मरणीय पुजनीय पति, बुबा, ससुराबाबा/ हजुरबुबा नादा तमु समाज पोखराका संस्थापक अध्यक्ष Capt QGO **सुर्ज बहादुर गुरुङ** को ७४ वर्ष १ महिनाको उमेरमा भएको असामयिक दुःखद निधनले हामी सपरिवार स्तब्ध र मर्माहत भएका छौं। आज उहाँको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा हामीप्रति सहानुभुति प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र, कुलकुटुम्भ, छरछिमेकी तथा शुभचिन्तकहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं। बुबा तपाई हाम्रो ह्दयको अटल स्मृतिकक्षमा सदैव जीवित हुनुहुनेछ।

**श्रीमतीः सुम कुमारी गुरुङ**

**छोरा/बुहारीः**
**सार्जेण्ट हरिप्रसाद (तारा)/ विन्ध्या गुरुङ**
**मेजर ललित बहादुर** MVO **(विजय)/ प्रिती गुरुङ**

**छोरी/ज्वाइः**
**पुष्पा/ अमर गुरुङ**

**नाती/ नातिनीहरुः**
**स्मारीका गुरुङ**
**युकीओ गुरुङ**
**आयुष गुरुङ**
**आस्रीया गुरुङ**

**तथा**
**सम्पूर्ण वार्चोक म्रो जु रह्रो क्रहोंगी लामा परिवार**